नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २११ २०८१ साल चैत १० गते आइतबार (23 Mar. 2025 Sunday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : rajbirajdainik.com.np**

यस अंक भित्र : २ पृष्ठमा : कानुन निर्माणमा सक्रियतादेखि ... ३ पृष्ठमा : प्रदेश र स्थानीय सरकारलाई ... ३ पृष्ठमा : अमेरिकाद्वारा पाँच लाख ...

## सप्तरी प्रहरीद्वारा दुई दिनमा ३८ क्विन्टल भन्दा बढी गाजा नष्ट



**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

सप्तरी प्रहरीले दुई महिनाको अवधीमा जिल्लाको विभिन्न स्थानबाट ठूलो परिमाणमा बरामद गरेको लागुऔषध गाजा नष्ट गर्ने कार्यलाई शनिबार पनि निरन्तरता दिएको छ।

प्रहरीले शनिबार १३ क्विन्टल ९६ केजी गाजा राजविराज १५ स्थित खाडो खोला किनारमा नष्ट गरेको छ। अघिल्लो दिन शुक्रबार पनि प्रहरीले सोही स्थानमा २४ क्विन्टल गाजा जलाएर नष्ट गरेको थियो। दुई दिनको अवधीमा प्रहरीले ३८ क्विन्टल १५ केजी गाजा जलाएर नष्ट गरिसकेको छ।

उक्त गाजाहरु तस्करीका लागि गाडीमा राखेर लैजादै गरेको अवस्थामा प्रहरीले विभिन्न मितिमा सप्तरीको बोदेबरसाइन नगरपालिका र बलानबिहुल गाउँपालिका क्षेत्रबाट बरामद गरेको थियो।

बरामद गाजा ठूलो परिमाणमा रहेकाले जनस्वास्थ्यको ख्याल गरि मानव बस्तिबाट टाढा एकान्त स्थलमा पुर्‍याई जलाएर नष्ट गर्न थालिएको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाको भनाई छ।

जिल्ला प्रहरी कार्यालय र सप्तरी जिल्ला अदालतका प्रतिनिधी, स्थानीय जनप्रतिनिधि र संचारकर्मीको रोहबरमा उक्त गाजाहरु नष्ट गर्ने गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## दुर्घटनामा घाइते भएका मोटरसाइकल चालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

मोटरसाईकल र सिटी सफारी एक आपसमा ठोकिदा घाइते भएका मोटरसाइकल चालकको उपचारका क्रममा मृत्यु भएको छ।

मृत्यु हुनेमा मोटरसाइकल चालक सप्तरीको तिरहुत गाउँपालिका ५ बुधेवा निवासी ३१ बर्षीय दिपेश मण्डल छन्।

कंचनरुप नगरपालिका १० वदगामास्थित पुर्व पश्चिम राजमार्गमा कंचनपुरबाट भारदहतर्फ जादै गरेको प्रदेश १-०२-००३ ह ८६९२ नम्बरको सिटि सफारी र विपरित दिशाबाटबाट आउदै गरेको प्र.३-०१-००२ प ८२८९ नम्बर मोटरसाइकल बुधवार राति एक आपसमा ठोकिदा दुर्घटना भएको थियो।

दुर्घटनामा कंचनरुप ३ का ३२ बर्षीय राम सेवक राम, वडा नं. १० का २७ बर्षीय

*बाँकी अन्तिम पृष्ठमा*

## कोशी कोलोनीमा सडक बन्ने



**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

सप्तरीको विष्णुपुर गाउँपालिका ६ स्थित कोशी प्रोजेक्ट कोलोनी बस्तीमा पक्की सडक निर्माण हुने भएको छ।

उक्त पक्की सडक ढलान कार्यको शनिबार गाउँपालिका अध्यक्ष उमेश प्रसाद यादवले शिलान्यास गरेका छन्।

गाउँपालिका कार्यालयको ५५ लाख ८२ हजार ७१ रुँपैया तथा जनसहभागिताको ४ लाख १७ हजार ६ सय रुँपैयाको लगानीमा बन्न लागेको सडक

*बाँकी अन्तिम पृष्ठमा*

## क्रिकेट खेल्न गएका बालकको पोखरीमा डुबेर मृत्यु

**दैनिक समाचारदाता**
**जलेश्वर, ९ चैत ।**

महोत्तरीको एकडारा गाउँपालिकामा क्रिकेट खेल्न गएका एक बालकको पोखरीमा डुबेर मृत्यु भएको छ।

एकडारा गाउँपालिका ४ का श्रवण यादवका १० वर्षीय छोरा आलोककुमारको डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता सन्तुलालप्रसाद जैसवालले बताए।

गाउँका साथीहरुसँग सोही पालिका ३ स्थित वनमा रहेको एउटा खेतमा बनाइएको क्रिकेट मैदानमा खेल्न गएका आलोक खेल मैदान नजिकको पोखरीमा डुबेका उनले जानकारी दिए।



## सम्पादकीय ....

### अदालतको फैसला कार्यान्वयन नहुँदा झनै ध्वनी प्रदुषण बढ्दै

ठूलो ध्वनीका कारण हाल संचालित एसइई र विभिन्न परिक्षाका विद्यार्थीहरुलाई पठन पाठनमा समेत समस्या भइरहेको छ। अहिले सबैभन्दा बढी धार्मिक कार्यक्रमहरुका कारण ध्वनी प्रदुषण भइरहेको छ। रातभरी ठूला ठूला स्वरमा लाउडस्पिकर बजाएर धार्मिक गित तथा प्रवचन बजाइने गरिन्छ। सप्तरी सदरमुकाम राजविराजमा अहिले ध्वनी प्रदुषण निकै बढेको छ। धार्मिक कार्यक्रम, बैवाहिक कार्यक्रम वा कुनै उत्सव होस् वा प्रवचनको नाममा ध्वनी प्रदुषण बढेको हो।

यता बढ्दै गएको ध्वनी प्रदुषणले अहिले सामान्य जनजिवन प्रभावित बन्दै गएको छ। ध्वनी प्रदुषणका कारण हृदयका रोगीहरुलाई विभिन्न खालका समस्या हुनुको साथै बालबालिकाहरुलाई निकै अफ्ठ्यारो भइरहेको छ। एक दशकअघि जिल्ला प्रशासन कार्यालयसहित बिभिन्न सरकारी निकायको नाममा अदालतले ध्वनी प्रदुषण रोक्न निर्देशनरुपी फैसला सुनाएको थियो। तर त्यो फैसलाको कार्यान्वयन पक्ष अत्यन्त फितलो रहेकोले हाल ध्वनी प्रदुषणले झनै प्रोत्साहन पाएको छ। यसरी अदालतको फैसला कार्यान्वयन नहुनु आफैमा दुःखद पक्ष हो। अदालतको फैसला कार्यान्वयन गर्न प्रहरी, प्रशासन सहितका निकायहरु अगाडी नबढ्दा नगरका मुख्य बजारहरुमा अहिले पनि चर्को स्वरमा लाउडस्पिकर बजाउने कार्य जारी नै रहेको छ। विगतमा प्रहरीले डिजे साउण्डमा रोक लगाएपनि हाल मुख्य चौकहरुमा ठूलो आवाजमा साउण्ड घन्काउने काममा रोक लाग्न सकेको छैन्। ध्वनी प्रदुषणले रातीको निन्द्रा बिगार्ने काम समेत गर्दछ।

तसर्थ यस्ता कार्यलाई रोक्न सम्बन्धित निकायले गम्भिरतापूर्वक ध्यान दिई विगतमा विगतमा अदालतले गरेको आदेशलाई कार्यान्वयन गर्नेतर्फ तदारुकता देखाउनु आति आवश्यक छ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# कानुन निर्माणमा सक्रियतादेखि दलितमाथिको ज्यादती विरुद्ध साझा प्रतिवाद

**रमेश लम्साल**
काठमाडौँ, ९ चैत (रासस)।

जनताको आवाज प्रत्यक्ष रूपमा मुखरित गर्ने जनप्रतिनिधिमूलक थलोको रूपमा स्थापित सङ्घीय संसद्को बैठक यस साता नियमित रूपमा सञ्चालन भयो। प्रतिनिधिसभाका चार वटा बैठक बस्यो। राष्ट्रियसभाका तीन वटा बैठक यो साता सम्पन्न भए।

प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरदेखि अन्य कानुन निर्माणका दृष्टिले यो साता महत्त्वपूर्ण उपलब्धी भएका छन्। सङ्घीय संसद्को बैठकमा महायज्ञको नाममा दलितमाथि गरिएको ज्यादतीदेखि काठमाडौँको टोखामा ठूलो मात्रामा विदेशी मुद्रा फेला परेको विषयले प्राथमिकता पायो। लामो सङ्घर्षपछि प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रमाथि भइरहेको प्रहार विरुद्ध सत्तापक्ष र प्रतिपक्षका सांसदले जमेर प्रतिवाद गर्नुका साथै नागरिकका दैनिक समस्यासँग जोडिएका विषयमा संसद्मा महत्त्वपूर्ण छलफल भए।

पूर्वविशिष्ट पदाधिकारीलाई आजीवन सेवा सुविधा दिने सन्दर्भमा सरकारले कानुन नै तयार पार्न लागेको भन्दै संसद्मा प्रतिवाद भयो। सत्तापक्ष र प्रतिपक्षका सांसदले सरकारको उक्त तयारीप्रति आपत्ति जनाउँदै खबरदारी गर्नुभयो।

संसदीय गतिविधिका हिसाबले यो साता दुवै सदनले सक्रिय भूमिका निर्वाह मात्रै गरेन, संसदीय समितिका बैठकसमेत नियमित बसे। सङ्घीय संसद् सचिवालयले संसदीय समिति र सङ्घीय संसद् बैठकको नियमित कार्यतालिका तय गरेर कार्यान्वयनमा ल्याएपछि गतिविधि प्रभावकारी रूपमा अगाडि बढेका छन्।

राष्ट्रियसभाको शुक्रबार बसेको बैठकमा आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१, निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ लाई प्रतिनिधिसभाबाट प्राप्त सन्देशसहित टेबुल भए।

प्रतिस्थापन विधेयकसम्बन्धी व्यवस्थाबारे राष्ट्रियसभा नियमावली, २०७५ र प्रतिनिधिसभा नियमावली, २०७९ का प्रावधान बाझिएको भन्दै राष्ट्रियसभाको शुक्रबारको बैठक १५ मिनेटका लागि स्थगित भएकामा बैठक पुनःसञ्चालनमा आउन सकेन। सङ्घीय संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेले सूचनामार्फत बैठक यही चैत १० गते आइतबार बस्ने जानकारी दिनुभयो। यसअघि विधेयकको तीन महले प्राप्त नभएको भन्दै सांसदहरुले आपत्ति जनाउनुभएपछि बैठक स्थगित भएको थियो।

शुक्रबारको बैठकमा दलित समुदायको घरमा डोजर लगाइएको विषयमा सांसदले संसदीय छानबिनको माग गर्नुभएको थियो। सांसद भुवनबहादुर सुनारले सिरहा औरही-५ का दीपक मलिक डोमको परिवारमाथि स्थानीय सरकार प्रमुख नै संलग्न भएर डोजर चलाएको घटनाप्रति आपत्ति प्रकट गर्दै संसदीय छानबिनको माग गर्नुभएको थियो। त्यसैगरी प्रतिनिधिसभाको यही चैत ७ गतेको बैठकमा समेत सो विषय मुखर भएको थियो।

नेकपा(माओवादी केन्द्र)का सांसद रणेन्द्र बराइली, राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद सन्तोष परियार र नेकपा(एमाले)का सांसद सम्झना थपलियाले यज्ञको नाममा दलितको घरमा डोजर लगाउने विषय कुनै पनि अर्थमा क्षम्य नभएको भन्दै आपत्ति जनाउनुभएको थियो।

सांसद परियारले भन्नुभएको थियो, "धर्मको आडमा सिरहामा जे घटना घट्यो त्यो जातीय विभेदको चरम घटना हो। त्यस घटनाले हाम्रो समकालीन चेतना, नेपालको कानुनी शासन, मानव अधिकारप्रतिको प्रतिवद्धता र संविधानलाई गिज्याएको छ।"

सांसद रणेन्द्र बराइली भन्नुभयो, "नेपालमा दलितले टेक्ने माटो नै छैन भनेपछि कहाँ जाने त ? दलितले टेकेको धर्तीसमेत अपवित्र हुन्छ भने अब दलितले कुन धर्ती टेक्ने ?"

यसै साता प्रतिनिधिसभाले आर्थिक विकास तथा लगानी विस्तारसँग जोडिएका विधेयक प्रतिनिधिसभामा धमाधम पारित भएका छन्। यसबाट लगानीको थप वातावरण सिर्जना हुने, लगानीकर्तामा थप विश्वास विस्तार भइ मुलुकलाई समृद्ध बनाउन बल पुग्ने सरकारको बुझाइ छ।

विहीबार मात्रै प्रतिनिधिसभाले 'निजीकरण (पहिलो संशोधन विधेयक),२०८१', आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ र 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक २०८१' पारित गरेको छ। यी तीन वटै विधेयकले मुलुकको अर्थतन्त्रलाई थप लयमा लैजान मद्दत गर्नेछ।

सरकारले 'निजीकरण ऐन, २०५०' लाई समयानुकूल बनाएको छ। सो ऐनको पहिलो संशोधन गर्दै सरकारले विधेयक प्रस्तुत गरेको हो। यसमा सरकारी लगानी व्यवस्थापन तथा प्राथमिकता निर्धारण गर्ने विषयलाई महत्वका साथ समावेश गरिएको छ।

सरकारले यसअघि सङ्घीय संसद्को बैठक नबसेको समयमा सो विधेयकलाई अध्यादेशमार्फत कार्यान्वयनमा ल्याएको थियो। घाटामा रहेको, रुग्ण अवस्थामा भएका वा अन्य कुनै पनि कारणले समस्यामा परेको उद्योग प्रतिष्ठानलाई थप सबल बनाउने उद्देश्य राखिएको छ।

विधेयकमाथिको दफावार छलफलमा सहभागी संशोधनकर्ताको प्रश्नको जवाफ दिँदै मन्त्री पौडेलले निजीकरणलाई निर्विकल्प बनाउन नहुने बताउनुभएको थियो। उहाँले कमजोर क्षमतामा चलेका, रुग्ण र बन्द रहेका सार्वजनिक प्रतिष्ठानलाई प्रभावकारी ढङ्गमा सञ्चालन गर्न निजीकरणलाई एकमात्र विकल्पका रूपमा लिनु हुँदैन भन्ने संशोधनको मूल मर्म हो भन्नुभयो। प्रतिपक्षी दलका सांसदले देशको अर्थतन्त्रलाई प्रस्तुत विधेयकले सम्बोधन गर्न, विकास एवं सुशासन तथा सामाजिक न्याय सुनिश्चित गर्न नसक्ने टिप्पणी गर्नुभएको थियो।

यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ प्रतिनिधिसभाले बहुमतले पारित गरेको छ। सो विधेयकले बजेट निर्माण प्रक्रियालाई सहज बनाउने सरकारको बुझाइ छ। विधेयकले नेपालको संविधानको मर्म र सङ्घीयताको मर्मअनुरूप नै बजेट निर्माण गर्ने विषयलाई सुत्रबद्ध गरेको छ। त्यस्तै प्रतिनिधिसभाले 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक २०८१' पनि पारित गरेको छ। सो विधेयकले पनि आर्थिक तथा व्यावसायिक वातावरण निर्माण गरी लगानी अभिवृद्धि गर्ने लक्ष्य राखेको छ।

विभिन्न ऐनलाई सरकारले समयानुकूल र लगानीमैत्री बनाउने उद्देश्य राखेर सो विधेयक प्रस्तुत गरेको हो। सो विधेयकले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९, राजस्व न्यायाधिकरण ऐन, २०१३, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ का केही प्रावधान संशोधन गरेको छ।

यसैगरी, मध्यस्थता ऐन, २०५५, कम्पनी ऐन, २०६३, बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३, विशेष आर्थिक क्षेत्र ऐन, २०७३, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५, औद्योगिक व्यवसाय ऐन, २०७६, पनि सो विधेयकमार्फत संशोधन गरिएको छ।

यही चैत ६ गतेको राष्ट्रियसभाको बैठकले 'विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित प्रतिनिधिसभाबाट प्राप्त बैंकिङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८०' पारित गरेको थियो। त्यसदिन 'सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐन'लाई संशोधन गर्ने विधेयक, २०८१ र सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ का सम्बन्धमा प्रतिनिधिसभाबाट प्राप्त सन्देशहरू सभासमक्ष टेबुल भएको थियो।

ती विधेयकमाथि शुक्रबार छलफल गरी पारित गर्ने कार्यसूची भएपनि राष्ट्रियसभा नियमावली, २०७५ को नियम ९३ मा अध्यादेशमार्फत ल्याइएको विधेयकलाई प्रतिस्थापन विधेयकका रूपमा संसद्मा ल्याउनुपर्ने भए पनि 'प्रतिस्थापन विधेयक' भन्ने शब्द नराखिएकाले छलफल हुन नसक्ने भन्दै रेणु चन्दले नियमापत्ति गर्नुभयो। उहाँको नियमापत्तिपछि राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले नियमावलीमा भएका व्यवस्था बाझिएकाले केही समयका लागि बैठक स्थगित भएको घोषणा गर्नुभएको थियो।

प्रतिनिधिसभाको चैत ६ गतेको बैठकले 'सशस्त्र प्रहरी बल, नेपाल विधेयक, २०८१ लाई दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्' भन्ने प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत गरेको थियो। सोही दिन राष्ट्रियसभामा उत्पत्ति भएको 'तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१' का सम्बन्धमा राष्ट्रियसभाबाट प्राप्त सन्देशसहितको विधेयक टेबुल भएको थियो।

प्रतिनिधिसभाको चैत ३ गतेको बैठकमा सांसदले पूर्वविशिष्ट पदाधिकारीलाई आजीवन सुविधा दिने विषयप्रति असन्तुष्टि जनाउनुभएको थियो। बैठकको आकस्मिक समयमा नेपाली कांग्रेसका सांसद रामकृष्ण यादवले पूर्वविशिष्ट पदाधिकारीलाई सुविधा दिन नहुने धारणा राख्नुभएको थियो। उहाँले मुलुकको अर्थतन्त्र कमजोर रहेको अवस्थामा पूर्वविशिष्ट पदाधिकारीलाई आजीवन सुविधा दिने कुरा शोभनीय नभएको भन्दै आपत्ति प्रकट गर्नुभयो।

माओवादी केन्द्रका सांसद देवेन्द्र पौडेलले मुलुकको अर्थतन्त्र कमजोर रहेको अवस्थामा जनतालाई राहत दिएर भरोसा बढाउनुपर्ने बेलामा पूर्वविशिष्ट पदाधिकारीलाई सेवा सुविधा दिने प्रस्ताव प्रति असन्तुष्टि व्यक्त गर्नुभएको थियो। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का प्रकाश ज्वालाले मुलुकको अर्थतन्त्र खस्किएको अवस्थामा राज्यलाई अतिरिक्त आर्थिक भार थपिने गरी पूर्वविशिष्ट पदाधिकारीलाई सुविधा दिन नहुने धारणा राख्नुभएको थियो। त्यसदिनको बैठकको शुन्य समयमा समेत अधिकांश सांसदले सोही विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो।

सांसद चित्रबहादुर केसीले पूर्वविशिष्ट पदाधिकारीलाई सेवासुविधा दिने सरकारको तयारीको आलोचना गर्नुभएको थियो। उहाँले पछिल्लो समय जनता र सरकारबीचको दूरीलाई यसले अझ चर्काउन सक्ने भन्दै गम्भीर हुन सरकारसँग आग्रह गर्नुभयो। "मुलुकको यस्तो आर्थिक अवस्था देख्दादेख्दै, यतिबेला सरकारले पूर्वविशिष्टलाई कानूनी व्यवस्था गरेर सेवासुविधा दिने कुरा गर्ने ?", उहाँले भन्नुभयो, "सरकार र व्यवस्थाप्रति जनताको आक्रोश अझ बढ्ने छ। सरकार गम्भीर हुनुपर्छ।"

त्यसदिन सँसदहरुले बाँकेको जयन्दु बालसुधार गृहमा भएको झडपमा परी ४९ जना घाइते भएको घटनाका सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो। सांसद सूर्यप्रसाद ढकालका अनुसार,

***बाँकी तीन पृष्ठमा***

# प्रदेश र स्थानीय सरकारलाई सबल बनाउनुपर्नेमा सभामुखको जोड

ललितपुर, ९ चैत (रासस)।
सभामुख देवराज घिमिरेले सङ्घीयता कार्यान्वयनको यात्रामा निरन्तर बहस र संवाद अपरिहार्य छ भन्नुभएको छ।

प्रदेश सुशासन केन्द्र बागमतीद्वारा शनिबार ललितपुरमा आयोजित 'सङ्घीयता सवलीकरणमा प्रदेश तथा स्थानीय तहका सवाल' विषयको छलफलमा उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अपनाएपछि प्रदेश तथा स्थानीय तहहरू यो शासन प्रणालीको मेरुदण्ड बनेका तथा तिनलाई अझ सबल बनाउनुपर्नेमा जोड दिनुभयो।

"सङ्घीयता सुदृढ बनाउनु भनेको केवल संरचनागत व्यवस्थापन मात्र होइन, बरु यसको प्रभावकारी कार्यान्वयन, नीति निर्माण, स्रोत परिचालन र जवाफदेहिताको संयोजन गर्ने विषय हो, सङ्घीय शासन प्रणालीको सफलता तीन वटै तहका सरकारबीचको समन्वय र सहकार्यमा निर्भर छ", सभामुख घिमिरेले भन्नुभयो।

"राणा शासनको अन्त्यदेखि संवैधानिक राजतन्त्र, दश वर्षे सशस्त्र युद्ध, जनआन्दोलन र मधेस आन्दोलनसम्मको सङ्घर्षले हामीलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संरचनामा पुऱ्याएको सङ्घीयता, लोकतन्त्र र संविधान हाम्रा राजनीतिक आन्दोलनको मुख्य उपलब्धि हुन्, राज्यशक्ति सङ्घ, प्रदेश र स्थानीय तहबीच बाँड्ने व्यवस्था संविधानमै स्पष्ट गरिएको छ। सङ्घीय संरचनाको पहिलो कार्यकालमा नै अपेक्षित उपलब्धि हासिल गरेका छौं। सङ्घीय शासन व्यवस्थाको सबलीकरणका लागि कानुनी व्यवस्था, कर्मचारी व्यवस्थापन, वित्तीय स्रोत वितरणलगायतका विषयमा आवश्यक सुधार गर्नुपर्छ," उहाँले भन्नुभयो।

उहाँले सङ्घीयताको कार्यान्वयनमा देखिएको प्रमुख समस्या अधिकारको व्यावहारिक हस्तान्तरणमा भएको टिप्पणी गर्नुभयो। "प्रदेश र स्थानीय तहलाई कानुन तथा कर्मचारी अभावका कारण संविधानले प्रदान गरेका अधिकार पूर्णरूपमा प्रयोग गर्न सक्ने वातावरण अझै बनेको छैन भन्ने गुनासो सुन्दै आएका छौं, सङ्घीय निजामती सेवा ऐनको अभावले प्रशासनिक सङ्घीयता कमजोर बनाएको आम गुनासो हामीले सुनेका छौं, संसद्मा विचाराधीन निजामतीसँगै प्रहरी र विद्यालय शिक्षासँग सम्बन्धित विधेयकलाई संसद्ले शीघ्र टुङ्ग्याउने प्रयास गरिरहेको जानकारी गराउन चाहन्छु।" उहाँले भन्नुभयो।

ललितपुर महानगरका प्रमुख चिरीबाबु महर्जनले जनताका समस्या समाधानमा, स्थानीय आवश्यकता परिपूर्ति, सेवा प्रवाह र सुशासन प्रवर्द्धनमा स्थानीय सरकारले काम गर्ने भएकोले सङ्घीय र प्रदेश सरकारले कानुनी जटिलता हटाएर सहजीकरण गरिनुपर्नेमा जोड दिनुभयो।

राष्ट्रियसभाका पूर्वसदस्य खिमलाल देवकोटाले सङ्घीयता सबलीकरणमा प्रदेश तथा स्थानीय तहका सवाल र आगामी कार्यभार विषयमा कार्यपत्र प्रस्तुत गर्दै सङ्घ मातहतका धेरै विभागलाई खारेज गरेर प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्नुपर्नेमा जोड दिनुभयो।

केन्द्रका कार्यकारी निर्देशक गोपालकृष्ण न्यौपानेले सङ्घीयता कार्यान्वयनका समस्या, नीति निर्माणमा भएको विलम्बलगायत विषयमा मन्तव्य व्यक्त गर्नुभएको थियो।

## कानुन निर्माणमा...

विसं १९८० मा नेपालमा कारागार स्थापना भएको सो सुधार गृहमा महिलासँगै पाँच वर्षमुनिका ४२ जना आश्रित बालबालिका रहेको तथ्याङ्क दिनुभयो।

बैठकको आकस्मिक समयमा सांसद हितराज पाण्डेले गत फागुन २८ र २९ गते गण्डकी एवं बागमती प्रदेशका विभिन्न जिल्लामा आएको असिनाबाट किसानलाई ठूलो क्षति भएको बताउनुहुँदै क्षतिको तथ्याङ्क सङ्कलन गरी संसद्मा जानकारी गराउन माग गर्नुभएको थियो।

बैठकमा नेपाली जनताको त्याग र बलिदानबाट स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाप्रति फैलाइएको गलत प्रचारका विरुद्ध सांसदले प्रतिवाद गर्नुभएको थियो। उहाँहरुले मुलुकमा भ्रम र निराशाको खेती व्यापक रूपमा चलेको एवं कतिपय सञ्चारमाध्यम तथा सामाजिक सञ्जालको दुरूपयोग भइरहेकामा आपत्ति प्रकट गर्नुभयो।

एमालेका सांसद रघुजी पन्तले २०६५ जेठ १५ मा सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएपछिको १५ वर्षपछि नेपालीको आय यो अवधिमा भण्डै तीनगुणा बढेको जानकारी दिनुभएको थियो। "आर्थिक विकासका साथसाथै लोकतन्त्रको महत्व बढी छ", सांसद पन्तले भन्नुभयो, "राजाको ३० वर्षे पञ्चायतीकालभन्दा अहिलेको व्यवस्थामा देशमा धेरै आर्थिक विकास र जनताको प्रगति भएको छ। त्यसैले राजाको पालामा र अहिलेको पालामा तुलना गर्ने हो भने अहिले जनताको जीवनस्तरमा सुधार आएको छ। तर, केही भएन भनेर जनतामा गलत भ्रम फैलाउने भाष्य बनाइएको छ।"

उहाँले थप अगाडि भन्नुभएको थियो "तराईको भूमिपुत्रलाई राष्ट्रपति बनाइयो के बिग्रियो ?, सुदूर पहाडकी चेली राष्ट्रपति भइन् के बिग्रियो ?, भोलि, राई, लिम्बू वा कुनै समुदायको व्यक्ति राष्ट्रपति होला किन आपत्ति गर्नुपर्यो"

माओवादी केन्द्रका सांसद विमला सुवेदीले पछिल्लो समय सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको विरोध भइरहेकाले सरकारले जनताका पक्षमा प्रभावकारी काम गर्नुपर्ने खाँचो औंल्याउनुभएको थियो। उहाँले राजतन्त्रवादीहरु व्यवस्थाकाविरुद्धमा लागेको उल्लेख गर्दै बेलैमा सचेत रहन र गणतन्त्रप्राप्तिका लागि भएका योगदानको सम्मान गर्न सबैले ध्यान दिनुपर्ने बताउनुभएको थियो। सांसद सुवेदीले भन्नुभयो "यो लोकतान्त्रिक शासन व्यवस्थामा राजा ल्याउने सपना देख्न पाइन्छ तर राजतन्त्र फर्काउने कुरा सम्भव छैन। राजसंस्था फर्केला भनेर भ्रमको खेती गर्न पनि पाइन्न।"

त्यसदिनको बैठकले 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ माथि विचार गरियोस्' भन्ने प्रस्तावलाई बहुमतले स्वीकृत गरेको थियो।

यसैगरी चैत ४ गते प्रतिनिधिसभा र राष्ट्रियसभा दुवैको बैठक बसे। त्यसदिन प्रतिनिधिसभाले 'सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक र सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयकमाथि प्राप्त संशोधनसहित दफाबार छलफलसहित पारित भए। त्यसैगरी राष्ट्रियसभाको बैठकले बैकिङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० सम्बन्धि समितिको प्रतिवेदन पेश भयो भने तिलगंगा नेत्र विश्वविद्यालय विधेयक छलफलसहित पारित गऱ्यो।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**

## विश्व समाचार

### अमेरिकाद्वारा पाँच लाख आप्रवासीको कानुनी मान्यता खारेज

वासिङटन, ९ चैत (रासस/एएफपी)।
संयुक्त राज्य अमेरिकाले शुक्रबार लाखौं आप्रवासीको कानुनी हैसियत समाप्त गर्ने घोषणा गरेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी इतिहासकै सबैभन्दा ठूलो निर्वासन अभियान सञ्चालन गर्ने र मुख्यतः ल्याटिन अमेरिकी मुलुकबाट आउने आप्रवासीलाई नियन्त्रण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

आगामी वर्षको जनवरीसम्म लागु हुने यो आदेशले ट्रम्पका पूर्ववर्ती जो बाइडेनले अक्टोबर २०२२ मा सुरु गरेको एक योजना अन्तर्गत संयुक्त राज्य अमेरिका आएका लगभग पाँच लाख ३२ हजार क्युबा, हाइटी, निकारागुआ र भेनेजुएलाका नागरिकहरूलाई प्रभावित गर्नेछ।

अमेरिकी गृहमन्त्रालयको आदेश सङ्घीय रजिस्टरमा प्रकाशित भएको ३० दिनपछि उनीहरूले आफ्नो कानुनी सुरक्षा गुमाउनेछन्। यसको अर्थ यो कार्यक्रमद्वारा प्रायोजित आप्रवासीहरूले अप्रिल २४ सम्ममा 'संयुक्त राज्य अमेरिका छोड्नुपर्छ' जबसम्म उनीहरूले देशमा रहन अनुमति दिने अर्को आप्रवासन स्थिति प्राप्त गर्दैनन्, आदेशमा भनिएको छ।

संयुक्त राज्य अमेरिकामा शरण लिन चाहनेहरूलाई समर्थन गर्ने गैरनाफामूलक संस्था वेलकम डट युएसले कदमबाट प्रभावित भएकाहरूलाई 'तुरुन्तै' अध्यागमन वकिलको सल्लाह लिन आग्रह गरेको छ। सन् २०२३ को जनवरीमा घोषणा गरिएको क्युबा, हाइटी, निकारागुआ र भेनेजुएलाका नागरिकका लागि (सीएचएनभी) कार्यक्रमले मानव अधिकारको गम्भीर अभिलेख भएका यी चार मुलुकबाट प्रतिमहिना ३० हजार आप्रवासीलाई दुई वर्षका लागि अमेरिका प्रवेशको अनुमति दिएको थियो।

बाइडेनले यो योजनालाई अमेरिका र मेक्सिकोको भीडभाड हुने सीमामा दबाब कम गर्ने 'सुरक्षित र मानवीय' तरिकाको रूपमा व्याख्या गर्नुभएको थियो। गृहमन्त्रालयले शुक्रबार यो योजना 'अस्थायी' भएको बताएको छ। आदेशमा भनिएको छ, "प्यारोल स्वाभाविक रूपमा अस्थायी हो, र प्यारोल मात्र कुनै पनि अध्यागमन स्थिति प्राप्त गर्नका लागि अन्तर्निहित आधार होइन, न त यो संयुक्त राज्य अमेरिकामा प्रवेश हो।"

क्यालिफोर्नियाका अध्यागमन वकिल निकोलेट ग्लेजरका अनुसार यो आदेशले सीएचएनभी योजनाअन्तर्गत अमेरिका प्रवेश गरेका ५० लाख आप्रवासीमध्ये अधिकांशलाई असर गर्नेछ। "यसका लागि 'केवल ७५ हजार शरण आवेदनहरू कानुनी रूपमा दायर गरिएको थियो, त्यसैले सीएचएनभी प्यारोलहरूको विशाल बहुमतले आफूलाई स्थिति, वर्क परमिट र निष्कासनको लागि योग्य ठहर गर्नेछ," उहाँले एक्समा पोस्ट गर्नुभएको छ। ट्रम्पले गत साता भेनेजुएलाको एक गिरोहका २०० भन्दा बढी कथित सदस्यलाई एल साल्भाडोरमा उडाउने दुर्लभ युद्धकालीन कानुन लागू गर्नुभएको थियो। वासिङटनका नेता निकोलस मदुरोको नेतृत्वमा तेलको धनी भेनेजुएलाको अर्थतन्त्र धराशायी भएपछि पछिल्लो एक दशकमा ७० लाखभन्दा बढी भेनेजुएलावासीले आफ्नो देश छाडेका छन्।

### भावी पुस्ताका लागि पानीको रक्षा गरौं : प्रधानमन्त्री मोदी

नयाँदिल्ली, ९ चैत (रासस/एएनआई)।
प्रधानमन्त्री नरेन्द्र मोदीले विश्व जल दिवसको अवसरमा पानी संरक्षण र दिगो विकास प्रवर्द्धन गर्ने भारतको प्रतिबद्धतालाई दोहोर्याउनु भएको छ। पानीको महत्वलाई प्रकाश पार्दै प्रधानमन्त्री मोदीले भावी पुस्ताकालागि जल स्रोतको संरक्षण गर्न आग्रहसहित सामाजिक सञ्जाल एक्समा पोस्ट गर्नु भएको हो। यसैबीच, जलशक्ति मन्त्रालय पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्रालय र हरियाणा सरकारको सहकार्यमा विश्व जल दिवसको अवसरमा शनिबार 'जल शक्ति अभियान : "जलको सञ्चय-२०२५' सुरु गर्ने तयारी गरेको छ।

जल शक्ति मन्त्रालयका अनुसार अभियानले 'पानी संरक्षणका लागि तीव्र सामुदायिक पहल'माथि जोड दिएको छ। अभियानले जलवायु परिवर्तन र बढ्दो जलजन्य चुनौतीको सामना गर्न जल सुरक्षा, वर्षाबाट आउने पानीको सञ्चयलगायतलाई जोड दिएको छ। अभियानले एक सय ४८ जिल्लामा सरकारी निकाय समुदाय तथा हितग्राहीहरू बीच पानीको दिगो व्यवस्थापन गर्ने समन्वयलाई बढावा दिन्छ।

अभियानको उद्देश्य 'हरेक थोपा गणना' को दृष्टिकोणलाई वास्तविकतामा परिणत गर्दै जल संरक्षणका लागि राष्ट्रव्यापी चेतना र कार्यहरू चलाउनु हो। अभियानले नागरिकलाई जलजन्य समस्या समाधानमा सहकार्यको माध्यमबाट भारतको पानीको भविष्य सुरक्षित गर्न आह्वान गरेको छ। सन् १९९३ देखि प्रत्येक वर्ष मार्च २२ लाई संयुक्त राष्ट्र सङ्घको नेतृत्वमा वार्षिक रुपमा विश्व जल दिवसका रूपमा मनाउँदै आइएको छ।

### नाइजेरियामा मस्जिदमा भएको आक्रमणमा परी कम्तीमा ४४ जनाको मृत्यु

नाइजरिया, ९ चैत (रासस/एएफपी)।
नाइजेरियामा आतङ्कवादीले गरेको आक्रमणमा परी ४४ जना सर्वसाधारणको मृत्यु भएको छ। आक्रमणबाट ज्यान गुमाएका व्यक्तिको सम्मान र परिवारप्रति समवेदना प्रकट गर्न नाइजर सरकारले शुक्रबारदेखि तीन दिने शोकको घोषणा गरेको छ। नाइजेरियाको आन्तरिक मन्त्रालयले राष्ट्रिय टेलिभिजन मार्फत कोकोरोको ग्रामीण सहरको फोनबिटामा रहेको मस्जिदमा भएको 'बर्बर' आक्रमणमा उनीहरुको मृत्यु भएको तथा अन्य १३ जना घाइते भएको जनाएको छ। मन्त्रालयका अनुसार मस्जिदमा प्रार्थनाको समयमा दिउँसोको समयमा आक्रमण भएको थियो।

आतङ्ककारीहरूले मस्जिदलाई घेरी स्थानीय बजार तथा घरहरूमा समेत आगो लगाएको मन्त्रालयले जनाएको छ। सरकारले अपराधीहरूको खोजी गरी उनीहरूलाई कार्वाही गर्ने प्रतिबद्धता जनाएको छ। मन्त्रालयका अनुसार इस्लामिक स्टेट समूह र अल-कायदासँग सम्बद्ध समूहहरू वर्षौंदेखि सक्रिय रहेको बुर्किना फासो र मालीको सिमानाको नजिकको क्षेत्रमा आक्रमण भएको हो।

# भन्सार छलेर टेम्पुमा ल्याउँदै गरिएको १४ लाख बराबरको लत्ताकपडा प्रहरी नियन्त्रणमा





**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

सप्तरी प्रहरीले भन्सार छलेर टेम्पुमा ल्याउँदै गरेको लत्ताकपडा नियन्त्रणमा लिएको छ ।

जिल्लाको खडक नगरपालिका ८ रंजितपुर सडक खण्डस्थितमा बोदेबरसाईनबाट बिसनपुरतर्फ आउदै गरेको प्र.२-०१-००१ स.०९२१ नं. को टेम्पु चेकजाँच गर्दा भन्सार छलेको लत्ताकपडा बरामद भएको प्रहरीले जनाएको छ ।

भारतबाट भन्सार छलेर चोरी पैठारी गरी ल्याएको १४ लाख ९ हजार २ सय ७० रुपैयाँ बराबरको लत्ताकपडाहरु र टेम्पुसहित नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरी चौकी बिसनपुर सप्तरीबाट खटिएको प्रहरी टोलीले गस्ती तथा चेक जाँच गर्ने क्रममा नियन्त्रणमा लिएको लत्ताकपडा र टेम्पु सहित आवश्यक कारबाहीको लागि राजविराज भन्सार कार्यालयमा बुझाईएको प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

# एक हजार छ सय किलो गाँजासहित दुईजना पक्राउ

झापा, ९ चैत (रासस) ।

सशस्त्र प्रहरी बलले एक हजार ६३६ किलो गाँजासहित झापाबाट दुईजनालाई पक्राउ गरेको छ । प्रहरीले सो परिमाणको गाँजासहित बुद्धशान्ति गाउँपालिका-४ मेची राजमार्गबाट दुई ट्रकसहित दुवैजनालाई नियन्त्रणमा लिएको हो ।

इलामबाट झापातर्फ आउँदै गरेको को १ ख ५००१ र प्र १-०२-००२ ख ०५८४ नम्बरको ट्रकबाट सशस्त्र प्रहरी बलको टोलीले शुक्रबार उनीहरुलाई नियन्त्रणमा लिएको किलो गाँजा नियन्त्रणमा लिएको सशस्त्र प्रहरी बल नेपाल नं १ बराह बाहिनीका सशस्त्र प्रहरी उपरीक्षक विक्रम हुमागाईंले जानकारी दिनुभयो । पक्राउ पर्नेमा धनकुटाको शहिदभूमि नगरपालिका-४ का महेश राई र इलामको माईजोगाई गाउँपालिका-२ का गङ्गाबहादुर बस्नेत रहेका छन् ।

प्रहरीले जाँच गर्दा ट्रकमा ५७ बोरामा राखेर ल्याउँदै गरेको गाँजा बरामद गरेको हो । प्रहरीले उनीहरुको साथबाट रु ८७ हजार र पाँच थान मोबाइल समेत बरामद गरेको छ ।

उनीहरुलाई ट्रकसहित आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय झापामा बुझाएको छ ।

# गाउँपालिका अध्यक्षसहित दुई जना प्रहरी नियन्त्रणमा

सिरहा, ९ चैत (रासस) ।

यहाँको औरहीमा महायज्ञका नाममा दलित परिवारमाथि गरिएको जातीय विभेदको घटनामा औरही गाउँपालिकाका अध्यक्ष शिवजी यादव र सोही ठाउँका पूर्ववडाध्यक्ष तथा जनमत पार्टीका नेता दिलीप यादवलाई प्रहरीले शुक्रबार साँझ नियन्त्रणमा लिएको छ ।

मधेश प्रदेशका प्रहरी प्रमुख तथा प्रहरी नायव महानिरीक्षक लालमणि आचार्यले दिनुभएको जानकारीअनुसार उनीहरूसँग सोधपुछ भइरहेको छ । पीडितबाट जाहेरी आएपछि उनीहरूलाई सोही बमोजिम कारवाही प्रक्रिया अघि बढाइने प्रहरी नायव महानिरीक्षक आचार्यले बताउनुभयो ।

यही चैत १७ गतेदेखि महायज्ञ लगाउनका लागि सिरहाको औरही-५ का दलित दीपक मलिक (डोम)को घर गत फागुन १० गते भत्काइएको थियो । घर भत्काउन गाउँपालिकाको जेसीबीसहित अध्यक्ष यादव आफैँ गएका थिए । घर भत्काएपछि उक्त घरले चर्चेको जमिनको माटोसमेत ताछेर फालेपछि उनीमाथि जातीय विभेद गरेको भन्दै तीव्र विरोध भएको थियो ।

यसै घटनामा संवेदनशील भएर कार्य नगरेको भन्दै गृह मन्त्रालयले सिराहाका प्रमुख जिल्ला अधिकारी बासुदेव दाहाललाई शुक्रबारै मन्त्रालय तानेको छ । राष्ट्रिय मानवअधिकार आयोग तथा राष्ट्रिय दलित आयोगसमेतले घटनालाई महत्व दिएर स्थलगत अनुगमन गरेको थियो ।

प्रतिनिधि सभाको बैठकमा समेत सांसदले पटकपटक यस घट्नाका सम्वन्धमा संसदीय छानविन समिति गठनको माग गर्दै दोषीमाथि तत्काल आवश्यक कारबाही गर्न सरकारको ध्यानाकर्षण गराएका थिए ।

### *दुर्घटनामा घाइते ...*

राज कुमार गुप्ता, ३० बर्षिय अजय कुमार गुप्ता, सोही ठाउँका सफारी चालक ४५ बर्षीय पृत्रिब देव पण्डित र वडा नं. ५ का २२ बर्षीया आरती देवी खंग घाइते भएका थिए ।

घाइतेहरुको विराटनगरस्थित विभिन्न अस्पतालमा उपचार भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । सोही अस्पतालमा उपचार भइरहेको मोटरसाइकल चालक मण्डलको शुक्रबार मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

### *कोशी कोलोनीमा ...*

२०८२ जेठ १५ गते भित्र सम्पन्न गर्ने लक्ष्यका साथ निर्माण कम्पनीसँग सम्झौता गरिएको गाउँपालिका अध्यक्ष यादवले जानकारी दिए ।

सडक ढलान निर्माण कार्य सम्पन्न भएपछी उक्त बस्तीमा रहेका ८० घरधुरी परिवारका साथै आसपासका बासिन्दालाई समेत सहज हुने अध्यक्ष यादवको कथन छ । उनले अति पुरानो बस्तीको रुपमा रहेको कोशी प्रोजेक्ट कोलोनीका बासिन्दाको सहज आवतजावतका लागि आफूले सडकका लागि पहल गरेको बताए । शिक्षा, स्वास्थ्य र कृषिका साथै बाटोघाटो निर्माण आफ्नो उच्च प्राथमिकतामा रहेको उनको भनाई छ ।

उक्त अवसरमा जसपा नेपालका गाउँकमिटी सचिव राहुल राय, वडा कमिटि अध्यक्ष देवनारायण यादव तथा स्थानीय भरभलादमीको उपस्थिति रहेको थियो ।

# नेवि संघले गऱ्यो पाँच जनालाई कारवाही

**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

नेपाल विद्यार्थी संघ (नेवि संघ) सप्तरीले स्ववियु चुनावमा आफ्नो उम्मेदवारको विपक्षमा भोट मागेको आरोपमा पाँच जना साधारण सदस्यलाई कारवाही गरेको छ ।

स्ववियु चुनावमा नबिन कुमार यादव, रन्जन कमार यादव, गिरधारी कुमार साह, रोशन देव र श्रवण कुमार यादवले नेवि संघको उम्मेदवारको विपक्षमा भोट मागेकाले उनीहरुलाई कारवाही गरेको हो ।

नेविसंघ सप्तरीका अध्यक्ष राकेश ठाकुरले शनिबार एक प्रेस विज्ञप्ति जारि गर्दै विधानको धारा २४ बमोजिम उनीहरुलाई नेविसंघको साधारण सदस्य समेत नरहने गरि केही दिनको लागि अनुशासनको कारवाही गरिएको जनाएको छ ।

नेपाली कांग्रेस जिल्ला कार्य समिति र नेवि संघ केन्द्रिय कार्य समितिलाई जिल्लाबाट यो विषयमा निष्कर्ष नआउन्जेल सम्मका लागि पार्टीको कुनै पनि भात् संगठनको सदस्यता नदिन निर्णय समेत भएको नेवि संघले जारि विज्ञप्तिमा उल्लेख छ ।

# सबै समाजवादी र माओवादीलाई एकताबद्ध गर्ने अध्यक्ष दाहालको उद्घोष

चितवन, ९ चैत (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले 'प्रचण्ड'ले आगामी आम निर्वाचनसम्ममा सबै माओवादीलाई पार्टीको झण्डामुनि एकताबद्ध गरिने बताउनुभएको छ । जनतासँग माओवादी, तराई-मधेस जागरण अभियानअन्तर्गत शनिबार यहाँ आयोजित जागरणसभामा उहाँले भन्नुभयो, "विसं २०८४ को निर्वाचनमा माओवादीहरु र समाजवादीलाई एकताबद्ध गर्ने ठाउँमा ल्याउने तयारीमा छौँ ।"

उहाँले अब माओवादी २०६४ सालमा हासिल गरेको चुनावी परिणम पुनः प्राप्त गर्नेतर्फ लागेको, आम जनतामा माओवादी केन्द्र एक्लै हिँड्न सक्दैन भन्ने भाष्य चिर्दै अघि बढ्ने बताउनुभयो । माओवादी कमजोर हुँदा प्रतिगामी तत्व सल्वलाएका उहाँको तर्क थियो ।

आफूहरु पहिलेदेखि नै प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको पक्षमा रहेको बताउँदै उहाँले देशको विकासका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हुन आवश्यक रहेको छ भन्नुभयो । माओवादी केन्द्रप्रति जनताको विश्वास बढेको अभियानका क्रममा आफूले महसुस गरेको बताउँदै उहाँले जनताको माग सम्बोधन गर्ने दल माओवादी केन्द्र भएको दोहोऱ्याउनुभयो ।

माओवादी केन्द्रका उपाध्यक्ष अग्नि सापकोटाले युगान्तकारी परिवर्तनका लागि माओवादी केन्द्र आवश्यक छ भन्दै नेपाली जनताको भरोसा माओवादी केन्द्रप्रति रहेको बताउनुभयो । पार्टीका अर्का उपाध्यक्ष पम्फा भुसालले देशको विकासका निम्ति सुशासन अपरिहार्य भएको बताउनुभयो ।

त्यस अवसरमा माओवादी केन्द्रका सचिव हितमान शाक्य, चितवन इन्चार्ज घनश्याम दाहाल, जिल्ला संयोजक रामचन्द्र अधिकारीले अभियानका क्रममा पार्टीका शुभचिन्तक एवं कार्यकर्ताबाट प्राप्त सुझाव माओवादी केन्द्रका निम्ति अमूल्य छन् भन्नुभयो ।

# भन्सार छलेको सामान बरामद गर्न प्रहरीले गोली चलायो

**दैनिक समाचारदाता**
**धनुषा, ९ चैत ।**

धनुषामा प्रहरीले भन्सार छलेको सामान बरामद गर्न गोली चलाएको छ । गोदाममा लुकाइ छिपाइ राखेको सामान नियन्त्रणमा लिन खोज्दा प्रहरीले हवाई फायर गर्नु परेको धनुषा प्रहरीले जनाएको छ ।

शुक्रवार धनुषाको मुखियापट्टी मुसहर्नियाँ गाउँपालिका ६ स्थितको एक भूस गोदाममा प्रहरीले छापा मारेको थियो । उक्त गोदामबाट प्रहरीले भन्सार छलीका १४ बोरा विभिन्न सामानहरू फेला पाऱ्यो ।

प्रहरी प्रवक्ता वरुणबहादुर सिंहका अनुसार भन्सार छलीका बरामद उक्त सामान प्रहरी कार्यालयमा ल्याउन खोज्दा केही स्थानीयवासी प्रहरीमाथि जाइलागे । स्थानीयले प्रहरीमाथि ढुङ्गामुढा गर्दै अवरोध गर्न खोजेपछि जवाफी कारबाहीमा प्रहरीले एक राउण्ड हवाई फायर गर्नुपरेको उनले बताए ।

आत्मरक्षाका लागि हवाई फायर गरिएको प्रहरी प्रवक्ता सिंहले बताए । प्रहरीका अनुसार स्थानीय बद्री यादवको भूसको गोदामबाट १४ बोरा भन्सार छलीका अवैध सामान बरामद गरिएको हो ।

बरामद बोरामा खासगरी जुत्ता, चप्पल, मोबाइलका सामानहरुसहितका अन्य सामान रहेको प्रवक्ता सिंहले जानकारी दिए ।

'सबै सामान प्रहरी कार्यालय ल्याइसकिएको छ, अब जाँच गर्ने काम भइरहेको छ । त्यसकारण के-के सामान छन्, त्यो एक छिनमा क्लियर हुनेछ,' उनले भने ।


## सहकारीका विश्वव्यापी सिद्धान्त

- स्वेच्छिक तथा खुला सदस्यता,
- सदस्यहरुद्वारा लोकतान्त्रिक नियन्त्रण,
- सदस्यहरुको आर्थिक सहभागिता,
- स्वायत्तता र स्वतन्त्रता,
- सहकारी शिक्षा, तालिम र सूचना,
- सहकारी-सहकारीबीच पारस्परिक सहयोग,
- समुदायप्रतिको चासो ।

सहकारी सिद्धान्तको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*